# संशय सिद्धान्तका आलोकमा *सलिजो* उपन्यास

**प्रेमनारायण भुसाल**
अध्यापक, बुढानीलकण्ठ स्कुल
इमेल : bhusalpn@gmail.com
DOI: https://doi.org/ 10.3126/prajna.v126i1.86361

**लेखसार**

*सलिजो (२०६६) मोहनराज शर्मा (विसं. १९९४-२०७५) द्वारा रचना गरिएको नेपाली उपन्यास हो । प्रस्तुत आलेखमा यस उपन्यासको क्विर/संशय सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । द्वैध लिङ्ग व्यवस्थाभन्दा विशिष्ट एलजिबिटिआईअन्तर्गत पर्ने लेस्बियन, गे, बाइसेक्सुअल, ट्रान्सजेन्डर, इन्टरसेक्स र क्विरका मनोसामाजिक पक्षको अध्ययन र विश्लेषण गर्ने अवधारणाले पछिल्लो समयमा मात्र आंशिक रूपमा मान्यता प्राप्त गरेको छ । साहित्यमा यस्ता पात्रको सकारात्मक रूपमा प्रयोग गर्ने परिपाटी नब्बेको दशकपछि मात्रै सुरु भएको हो । क्विर मनोसामाजिक पक्षलाई हृदयङ्गम गरेर लेखिएको नेपाली उपन्यास सलिजो नारी समलैङ्गिक उपन्यास मात्र नभएर उपन्यासमा समाविष्ट विषय र समयसन्दर्भका कारण क्विर मनोवैज्ञानिक उपन्यासका रूपमा स्थापित भएको छ । समाजद्वारा परित्यक्त र हेय मानिएका पुरुष र स्त्रीलिङ्गभन्दा विशिष्ट लैङ्गिक पहिचान भएका सीमान्तीय पात्रहरूलाई केन्द्रमा राखेर आधुनिक तथा उत्तरआधुनिक शिल्प शैलीका माध्यमबाट औपन्यासिक मूल्य प्रदान गरिएको प्रस्तुत उपन्यास मूलतः लैङ्गिक अल्पसङ्ख्यकको अधिकार र अस्तित्वलाई स्थापित गर्ने सन्दर्भमा महत्त्वपूर्ण पदचाप बनेको छ । फरक मूल्य बोकेको र नेपाली उपन्यास परम्परामा नित्य नवीन यस उपन्यासको सार पहिचान परम्परागत उपन्यास सिद्धान्तका आधारमा विश्लेषणबाट गर्न सकिँदैन । लेखकीय उद्देश्य र मनसायलाई पहिचान गर्नका लागि आधुनिक साहित्य विश्लेषणका सन्दर्भमा ९० को दशकतिर मात्र विकसित भएको क्विर/संशय सिद्धान्तलाई अवलम्बन गरी कृतिमा अभिव्यक्त क्विरप्रतिको दृष्टिकोण र उनीहरूका क्रियाकलापलाई प्रस्तुत आलेखमा संक्षिप्त रूपमा विश्लेषण गरिएको छ । यसबाट क्विर/संशय सिद्धान्तका आधारमा साहित्यको विश्लेषण गर्ने आधारशिलासमेत तयार भएको छ ।*

**शब्दकुञ्जी :** क्विर/संशय, लैङ्गिक अल्पसङ्ख्यक, समलिङ्गी, पितृबिम्ब, नारीसमलिङ्गी/लेस्बियन ।

## विषयपरिचय

सलिजो मोहनराज शर्माको बौद्धिक र प्राज्ञिक व्यक्तित्वले परिपक्वता हासिल गरिसकेपछि सिर्जना गरिएको उपन्यास हो । पश्चिमा उदार समाजमा समेत सहज रूपमा स्वीकार गर्न नसकिएको लैङ्गिक अल्पसङ्ख्यकहरूको अस्तित्वलाई नेपाली समाजले सहज रूपमा स्वीकार गर्ने सम्भावना रहँदैन । यस्तै अवस्थामा पनि आख्यानकार मोहनराज शर्माले समाजले ग्रहण र सम्बोधन गर्न नसकेको फरक लिङ्गी पात्रहरूको केन्द्रीयतामा उपन्यासको सिर्जना गरेर ठुलो हिम्मतका साथ सार्वजनिक गरेका छन् । समलिङ्गी जोडीलाई मुख्य भूमिकामा राखी उनीहरूले भोगेका र अनुभव गरेका नेपाली समाजका विभिन्न प्रकृति र प्रवृत्तिको क्रियाकलापहरूलाई संयोजन गरी उपन्यासकारले सीमान्तीय भूमिकामा रहेका लैङ्गिक अल्पसङ्ख्यकहरूको विषयवस्तुको उठान मात्र गरेका छैनन्, उनीहरूप्रति गरिएका अन्याय अत्याचारप्रति आक्रोश र पीडितप्रति सहानुभूतिको भाव व्यक्त गर्दै चेतनाको विस्तारसँगै आगामी दिनमा क्विर व्यक्तिहरूले समाजबाट अपहेलित हुनु नपर्ने सुनौलो भविष्यको कल्पनासमेत गरेका छन् । प्रस्तुत औपन्यासिक कृतिमा मूल घटनाका रूपमा लैङ्गिक अल्पसङ्ख्यकलाई समावेश गरी आधुनिक र उत्तरआधुनिक शिल्प शैलीका माध्यमबाट अत्यन्त स्वाभाविक, सान्दर्भिक परिवेशको सिर्जना गर्दै विधाभञ्जन र विधामिश्रणका माध्यमबाट सामाजिक रूपान्तरणको उद्घोष भएको छ । नेपाली उपन्यासको विकासक्रममा प्रस्तुत उपन्यास नितान्त फरक विषयवस्तु र सन्देशका साथ उपस्थित हुनु नै यसको मौलिक वैशिष्ट्य हो ।

## अध्ययनको विधि

प्रस्तुत अनुसन्धान कार्यका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालयीय कार्यका आधारमा गरिएको छ । उपन्यासकार मोहनराज शर्माद्वारा रचना गरिएको 'सलिजो' उपन्यासलाई प्राथमिक स्रोत तथा क्विर/संशय सिद्धान्तका बारेमा गरिएका अध्ययन विश्लेषणलाई विभिन्न पुस्तक, पत्रपत्रिका र स्रोतहरूबाट द्वितीयक वा सहायक सामग्रीका रूपमा सङ्कलन गरिएको छ ।

साहित्य विश्लेषणको नवीन क्विर/संशय सिद्धान्तले अङ्गीकार गरेका मूलभूत मान्यता र प्रवृत्तिका सापेक्षमा कृतिको विश्लेषण गर्ने सन्दर्भमा गुणात्मक ढाँचामा अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

साहित्यकार मोहनराज शर्माले लेखेका निबन्ध, प्रबन्ध, कथा, नाटक-एकाङ्की, हास्यव्यङ्ग्य, कविता र उपन्यासहरूमध्ये उनको पछिल्लो प्रकाशित उपन्यास 'सलिजो' (२०६६) मा चित्रित लैङ्गिक सीमान्तीय भूमिकामा रहेका पात्रको मनोसामाजिक पक्षको मात्र अन्वेषण, विश्लेषण र छलफल गर्नु प्रस्तुत अध्ययनको सीमा रहेको छ ।

## सैद्धान्तिक आधार

बिसौँ शताब्दीको मध्यतिर पश्चिमा जगत्मा नारीवादी आन्दोलनले तीव्रता लिएको देखिन्छ । सुरुमा समान ज्यालाका लागि गरिएको आन्दोलन विस्तारै राजनीतिक, सांस्कृतिक र अन्य हकअधिकार स्थापित गर्ने दिशामा केन्द्रित हुँदै गएको हो । आन्दोलनले तीव्र रूप लिँदै जाँदा

नारीवादभित्रै विभिन्न किसिमका भङ्गालाहरू विकसित हुन थाले । नारीवादी आन्दोलनभित्रै विकसित उग्र नारीवादी धाराले पुरुषलाई पूर्णतया निषेध गर्ने मान्यतालाई समेत अगाडि सार्‍यो । यस धाराले समाज, धर्म, कानुन र वैज्ञानिक आविष्कारसमेतलाई महिलाप्रति पक्षपाती र पूर्वाग्रही देख्यो । पुरुषलाई महिलाका शत्रुका रूपमा लिँदै पुरुषविहीन संसारको कामना गर्ने उग्र नारीवादीहरू पुरुषलाई बहिष्कार गरी समलिङ्गी विवाह र यौनसम्बन्धलाई महत्त्व दिन थाले । यसै क्रममा सन् १९९० को दशकमा लेस्बियन टेक्ट र लेस्बियन क्रिटिसिज्मका रूपमा साहित्यका क्षेत्रमा समेत लेखन र समीक्षा हुन थाल्यो । सीमान्तीकृत र लैङ्गिक अल्पसङ्ख्यक जुर्मुराउने क्रममा साहित्यमा गे टेक्ट र गे क्रिटिसिज्मले समेत मान्यता पाउन थाल्यो । उत्तरआधुनिकतावादी चिन्तनको सीमान्तीकृतलाई केन्द्रमा राख्ने मान्यता तथा केन्द्र भञ्जनको क्रमले सभ्यताका सबैजसो क्षेत्रमा प्रभाव पार्न थाल्यो । समाजमा उपेक्षित र हेय ठानिएका कमजोर र अल्पसङ्ख्यकलाई संरक्षण गर्दै उनीहरूकै केन्द्रीयतामा समाज र सामाजिक मूल्यहरूको पुनर्लेखन, पुनर्विश्लेषण र पुनर्परिभाषिकीकरण गर्ने क्रमसँगै यौनिक विशिष्ट पहिचान भएका अल्पसङ्ख्यक समलिङ्गी, उभयलिङ्गी, पारालिङ्गीलगायतका समुदायको समष्टिगत रूप क्विर अथवा संशय भनी नामकरण गरियो । क्विर अथवा संशय शारीरिक र मानसिक लैङ्गिक तालमेल नभएका वा लैङ्गिक अस्पष्टता भएका समुदायलाई सम्बोधन गर्ने छाता नाम हो । यसले क्विरहरूले लेखेका वा क्विरका बारेमा लेखिएका साहित्यको विश्लेषण गर्दछ । समाजमा परम्परागत रूपमा निर्माण भएका नियम, कानुन, नीति र आचार विचारले फरक लैङ्गिक पहिचान भएका नागरिकलाई अस्वीकार गर्ने उनीहरूको अस्तित्वलाई स्वीकार नगर्ने तथा दुर्व्यवहार गर्ने गरेको परिप्रेक्ष्यमा उनीहरूले पनि स्वतन्त्र रूपमा मानव अधिकारको उपयोग गरी सम्मानित जीवन व्यतीत गर्न पाउनुपर्छ भन्ने मान्यताका साथ यो सिद्धान्त अगाडि आएको छ । यही मान्यतालाई आत्मसात् गरेर संसारका विभिन्न देशहरूमा समलिङ्गी विवाह तथा (विवाहपूर्वको सहवास) "लिभिङ टुगेदर"लाई मान्यता दिन थालिएको छ । ...

> नारी र पुरुषको द्वैत चिन्तनलाई भत्काएर जेन्डर र सेक्स परिवर्तनीय विषय हुन् भन्ने दृष्टिकोण स्थापना गरी समाजका सीमान्तीकृत र अपहेलित अल्पसङ्ख्यकलाई मूलधारमा प्रतिस्थापित गरी उनीहरूका असामान्य र अनौठा यौन, यौनिकता र यौनाङ्गको चित्रणलाई मान्यता दिलाउने यस सिद्धान्तले परम्पराभञ्जन मात्र होइन विद्रोह गरी नयाँ चिन्तन र विचारको जग हालेको छ ।     (भुसाल, २०७६, पृ. १०५)

साहित्यिक कृतिमा हास्य पात्रका रूपमा वा सामाजिक विकृतिका रूपमा यौनिक विचलन भएका पात्रहरूलाई देखाउने गरिएको भए पनि उनीहरूको केन्द्रीयतामा र सम्मानित रूपमा साहित्यमा उभ्याउने काम भने भएको थिएन । यसैले संशय सिद्धान्तले कृतिमा लैङ्गिक विचलन भएका पात्रहरूको प्रयोगलाई प्रोत्साहन गर्दै उनीहरूका मनोदशा, समाजले उनीहरूलाई गर्ने व्यवहार, उनीहरूका आफ्नै दृष्टिकोण र गतिविधि तथा उनीहरूले एकआपसमा गर्ने क्रियाकलापका बारेमा सकारात्मक रूपमा चित्रण गर्ने आग्रह राख्दछ ।

सामाजिक दुर्व्यवहारका विरुद्धमा साहित्यका माध्यमबाट विद्रोह गर्ने तथा यौनिक अल्पसङ्ख्यकका विचार र दृष्टिकोणलाई स-सम्मान प्रस्तुत गर्ने साहित्यलाई संशय

सिद्धान्तवादीहरूले उत्कृष्ट साहित्य मान्ने गर्दछन् । विचित्रको व्यवहार देखाउने पात्रहरूलाई असामान्य असामाजिक र अपराधीसमेत मान्ने परापूर्वकालदेखि चलेको परिपाटीलाई हटाई उनीहरू पनि आफ्नै पहिचान भएका मानवीय संवेदनायुक्त समाजका अङ्ग हुन् भन्ने धारणालाई स्थापित गराउने ध्येय संशय सिद्धान्तका अनुयायीले राख्दछन् । साहित्यमा उनीहरूलाई के कसरी उपस्थित गराइयो, उनीहरूका मनोभावनालाई कसरी चित्रण गरियो, साथै उनीहरूले सम्मानपूर्वक बाँच्नका लागि गरेको सङ्घर्षलाई कस्तो मूल्य प्रदान गरियो भन्ने विषयलाई खोतल्ने काम संशय सिद्धान्तमा गरिन्छ । यस सिद्धान्तको मूल आधार भनेकै "सामाजिक लिङ्ग र जैविक लिङ्ग सधैँ एउटै वा निश्चित नरहने भएकाले व्यक्तिले खेल्ने भूमिका र उसको वास्तविक पहिचानका बिच रिक्तता वा खाडल रहेको हुन्छ" (पृ. १०८) भन्ने हो । जैविक वा सामाजिक लिङ्गलाई स्थायी र स्थिर मान्ने परम्परागत सोचलाई बहिष्कार गरी लैङ्गिक भूमिकाका लागि अनेक घटकहरूको योगदान रहने तथा ती घटकहरूको उतारचढावका आधारमा व्यक्तिको लिङ्ग परिवर्तनशील रहने मान्यता राखेर कुनै पनि व्यक्तिलाई एउटै निश्चित लिङ्गको व्यक्ति भनेर घोषणा गर्ने वा पुरुष र महिला भनेर दुई लिङ्गमा वर्गीकरण गर्ने कामलाई यस सिद्धान्तले पूर्णतया अस्वीकार गर्दछ । लैङ्गिक भूमिका निरन्तर परिवर्तनशील, अस्थायी र अस्थिर हुने भएकाले कुनै पनि व्यक्तिलाई एउटै लिङ्गको व्यक्ति मानिरहनु सान्दर्भिक हुँदैन । साहित्यमा पनि उसले प्रदर्शन गरेका समलिङ्गी, उभयलिङ्गी वा अन्य प्रकृतिका आधारमा उसको चरित्र चित्रण गर्नुपर्ने मान्यता यस सिद्धान्तले राखेको छ । समग्रमा साहित्यिक कृतिमा यौनिक अल्पसङ्ख्यकको उपस्थिति कस्तो किसिमले गराइएको छ, उनीहरूका विचार, दृष्टिकोण र चिन्तनलाई कस्तो रूपमा स्वीकार गरिएको छ साथै उनीहरूले आफ्नो अस्तित्वका लागि समाजमा गर्नुपरेका सङ्घर्ष र बलिदानीलाई कुन रूपमा चित्रण गरिएको छ भन्ने विषयलाई केन्द्रमा राखेर साहित्यिक कृतिको विश्लेषण गर्ने सिद्धान्त नै क्विर वा संशय सिद्धान्त हो । "...यौनिक अल्पसङ्ख्यकका स्वाभिमान, भावना, आचरण र व्यवहारको सकारात्मक विश्लेषण गर्दै उनीहरूप्रति सहानुभूतिको विकास गर्ने उद्देश्यका साथ हाल साहित्यिक लेखन र विश्लेषणमा यस सिद्धान्तलाई अनुशीलन गर्न थालिएको छ" (भुसाल, २०७९, पृ. ३९) ।

सलिजो उपन्यासमा अन्तर्निहित लैङ्गिक सीमान्तीय वर्गको चेतना तथा सामाजिक अन्तरक्रियाका सन्दर्भमा परिवार र समाजले गर्ने व्यवहार पहिचान गर्ने क्रममा क्विर सम्बन्धी नवीन अवधारणालाई परिभाषित गर्दै उपन्यासको संरचना र वस्तुविधानका बारेमा सङ्क्षिप्त चर्चापछि उपन्यासको मूल लक्ष्य क्विर साहित्य विश्लेषणका सापेक्षमा अध्ययन, विश्लेषण र छलफल गरिएको छ । छलफलबाट प्राप्त निष्कर्षलाई सङ्क्षिप्त रूपमा निष्कर्ष खण्डमा समावेश गरिएको छ ।

## विमर्श र नतिजा

मोहनराज शर्माको उपन्यास *सलिजो* परम्परागत औपन्यासिक सीमारेखालाई उल्लङ्घन र परिमार्जन गर्दै विधामिश्रण र विधाभञ्जनलाई अँगालेर संरचित छ । आधुनिक संरचनावादी रूप र वस्तुविधानको प्रयोग तथा सँगसँगै उत्तरआधुनिक विसंरचनावादी चिन्तन र पद्धतिको समिश्रणले गर्दा उपन्यासमा प्रगीतात्मक अंशका साथै तुरुन्तै मञ्चन गर्न सकिने किसिमका नाटकीय संवादको समेत सिर्जना गरिएको छ । अन्य विधाका विविध साधन र विशेषतालाई समावेश गरे पनि मूलतः प्रस्तुत

सिर्जना उपन्यास भएकाले उपन्यासमा पाइने जीवनको व्यापकता, सार्वभौमिकता र विस्तृत आयामलाई ग्रहण गरेको छ। डिमाइ साइजको पुस्तकमा २४७ पृष्ठको आयाममा विस्तृत रहेको प्रस्तुत उपन्यास यसका मूल पात्र ज्वाला र रूपाको केन्द्रीयतामा संरचित छ भने उपन्यासभित्र नौलो संसारको विचित्र सामाजिक परिवेशको सिर्जना गरिएको छ जहाँ पाइला पाइलामा समलिङ्गी, उभयलिङ्गी र तेस्रोलिङ्गीको उपस्थिति पाइन्छ। परम्परागत मूल्य, मान्यता र प्रवृत्तिहरू यत्रतत्र विघटन भएको देखिन्छ भने नेपाली परम्परामा नवीन तर हेय मानिएको विषयवस्तुको उठान, विस्तार र बैठान वृत्ताकारीय ढाँचामा निकै सरल, सरस, रोचक र उत्सुकता सिर्जना गर्ने किसिमले विन्यास भएको छ। सामाजिक यथार्थका विविध बिम्बहरूलाई उपस्थापन गर्नका लागि संशय वा क्विर प्रकृतिका पात्रहरूका केन्द्रीयतामा हाम्रै समाजका चिनेजानेका पात्रलाई अपरिचयीकरण गरी चित्रण गरिएको छ भने उपन्यासका प्रमुख पात्र ज्वाला र समलिङ्गी सम्बन्धमा रहेकी रूपाका विशिष्ट मनस्थिति मात्र होइन, समानान्तर रूपमा उनीहरूका सुखद र दुःखद घटनाहरू पनि घटित भइरहेको विशिष्ट परिवेशको सिर्जना गरिएको छ। यस प्रकारको विशेष संरचनाको आयोजनाले उपन्यासलाई संरचनात्मक रूपमा एक ढिक्का बन्नका लागि सहयोग पुऱ्याएको छ भने टेलिप्याथीजस्तो आधुनिक विज्ञानले अध्ययन र खोज गरिरहेको विषयलाई समेत उपन्यासले स्वाभाविक किसिमले अङ्गीकार गरेको छ।

परम्परागत वैवाहिक कार्यक्रमको दृश्यबाट सुरु भएको उपन्यासका प्रमुख पात्र ज्वाला र रूपा बाल्यकालमा लैङ्गिक हिंसा भोगेका र देखेका चरित्रहरू हुन्। अनाथालयमा हुर्केकी ज्वाला आफ्नै बाबुले बेच्न लागेकी बालिका हो। बाबुले उसलाई बिक्री गर्न लगेको बेला मातृहृदयले अनेकौँ प्रयास गर्दा पनि रोक्न नसक्दा पुत्रीवियोगको पीडाले ज्वालाकी आमाको मृत्यु भएको देखिन्छ। शैशव कालमा घटित यस घटनाका बारेमा जान्नेबुझ्ने भएपछि मात्र उसले थाहा पाउँछे। आफ्नो पुराकथा थाहा पाएपछि ऊ निकृष्ट पितृबिम्बबाट त्रसित मात्र भएकी छैन, यसप्रतिको प्रतिशोधको भावनाले समग्र पुरुषहरूप्रति नै अविश्वास र घृणाभाव बोकेर हुर्केकी छ। अपराधी बाबुको जेलमै मृत्यु भए पनि ज्वालाको बाबुप्रतिको आक्रोश शान्त भएको छैन। अनाथालयकी आमैबाट आफ्ना बाबुको कुकृत्यका बारेमा सुन्दै गरेकी ज्वालाका मुखबाट फुस्किएका शब्दले बाबु जीवित रहेको भए अर्को दुर्घटना निम्तिने कुरालाई सङ्केत गरेको छ। "आफ्नै छोराछोरी बेच्ने त्यो निष्ठुरी मरेर गयो, राम्रै भो आमै ! बाँचेको भए त्यो दैत्य मेरा हातबाट मारिन्थ्यो"(शर्मा, २०६६, पृ. ५७)।

महिलालाई वस्तुसमान ठान्ने र दाइजोका कारण मानवीय संवेदना शून्यप्रायः बनेको तराईको वातावरणमा हुर्केकी रूपाको बाल्यकाल पनि त्यति सुखद देखिँदैन। आफ्नो घरको अवस्था ठिकै रहे पनि समाजमा भएका अनेकौँ नारी हिंसाका घटनाहरूका बारेमा उसले सुनेकी छ। उसका आमाबाबु अनेकौँ अपराधका साक्ष्य बनेका छन् र उनीहरूका संवादबाट यी आततायी क्रियाकलापको अभिव्यक्ति भइरहेको छ। त्यसैले त आठ वर्षको कलिलो उमेरकी रूपा पुरुषहरूद्वारा पीडित भएका अनेक महिलाका आर्तनादलाई अनुभव गरी अनायास आमाबाबुसँग बिन्ती गर्दछे, "आमा म केटासँग बिहे गर्दिनँ, केटीसँग बिहे गर्छु" (पृ. ६०)। व्यक्तित्वनिर्माणको प्रारम्भिक चरणमा रूपाको कोमल मस्तिष्कमा परेको पुरुषविरोधी छाप अमिट बन्न पुग्दछ। पुरुषले महिलामाथि गरेका

अनेकौँ अत्याचार, अन्याय र हिंसाका प्रतिक्रियाहरूको फलस्वरूप रूपा र ज्वालाको मस्तिष्कमा पुरुष जातिप्रति नै अविश्वास र घृणाभाव छचल्किएको छ। बाल्यकालीन यिनै नमिठा अनुभवका कारण उनीहरूमा समलिङ्गी आकर्षण विकास भएको देखिन्छ।

सँगै बाँच्ने, सँगै मर्ने कसम खाएका यी दुई नारी पात्र समाजको द्विचर लिङ्गवादी सोचसँग भिड्ने क्रममा अनेकौँ दुःख र कष्टहरूको सामना गर्न पुग्दछन्। पेसागत रूपमा विद्यालयकी शिक्षिका रूपा र बैङ्कको जागिरे ज्वाला समाजमा मात्र होइन, कार्यक्षेत्रमा समेत पीडित र प्रताडित बन्ने अवस्था सिर्जना भएको छ। कोही पनि आफन्त नभएकी ज्वालालाई समाजका अन्य व्यक्तिबाट आक्रमण भएको छ भने रूपा आफन्तबाटै पीडित बनेकी छन्। उनीहरूको लैङ्गिक अस्तित्वलाई स्वीकार नगरेर समलिङ्गी विवाहलाई अप्राकृतिक भन्दै वैवाहिक सम्बन्धलाई अन्त्य गर्न अनेकौँ हतकन्डा गरिएका छन्। अदालतले समलिङ्गी विवाहले मान्यता पाउने आदेश दिए पनि उनीहरूको विवाह दर्ता गर्न अनकनाउने स्थानीय निकाय, समलिङ्गी भएको थाहा पाउनासाथ आफ्नो इज्जत, प्रतिष्ठा समाप्त भएको ठान्ने विद्यालय सञ्चालक र बाबुआमासमेत खलनायकको भूमिकामा उत्रिएका छन्। रूपा र ज्वालाबिचको अन्तरमनको वैवाहिक सम्बन्धलाई समेत धज्जी उडाउन समाज पछि परेको छैन। आफ्नै छोरीलाई सार्वजनिक रूपमा तल्लोस्तरमा उत्रेर गाली गर्न तम्सेका कृत्यले समाज कति सङ्कुचित र रूढिवादी धारणाबाट अगाडि बढेको छ भन्ने कुरा स्पष्ट हुन्छ।

> ...गङ्गटी पनि आफ्नो छाती पिटी पिटी रुँदै भन्न थाली- यी केटी र केटीले त्यसै बिहे गरेका छैनन्, यिनले राति-राति कोठामा नयाँ-नयाँ नाठाहरू ल्याई खेलाएर फुक्का हुने सजिलाका निम्ति त्यस्तो नचाहिँदो बिहेको नाटक गरेका हुन्। यिनको चाला ठिक छैन, यिनले त टोल, छिमेक र समाजलाई नर्क बनाउँछन्। (पृ. १३६)

समलिङ्गी विवाह गरेका ज्वाला र रूपालाई समाजमा आफ्नो अस्तित्व कायम गर्न निकै सङ्घर्ष गर्नुपरेको छ। त्यसो त समाजमा उनीहरू मात्र समलिङ्गी जोडी भने होइनन्। तेस्रो लिङ्गी, उभय लिङ्गी, लिङ्ग स्पष्ट नभएका र पारालिङ्गीसमेतको उपस्थिति उपन्यासमा देखिन्छ। पाइलैपिच्छे भेटिने तर समाजले अस्वीकार गरेका विशेष प्रकृतिका ती मानवहरू यत्रतत्र पीडित भएकाले आफ्नो वास्तविक अस्तित्वलाई लुकाएर बस्न विवश भएको दृश्यलाई उपन्यासमा छर्लङ्ग पारिएको छ।

समाजका गन्यमान्य प्राध्यापकदेखि ट्याक्सी चालक र नेतासम्म विशिष्ट लैङ्गिक भूमिकामा रहेको देखाएर उपन्यासकारले क्विर वा संशय बन्नु कुनै अपराध होइन, सामाजिक सोचका कारणले यस्ता व्यक्तिहरू हाम्रै घरपरिवार र समाजमा आफ्नो वास्तविक अस्तित्वलाई लुकाएर आँसु पिउदै बाँचेका छन् भन्ने सन्देशलाई चरितार्थ पारेका छन्। बहुसङ्ख्यक पुरुष वा महिलाबाट पीडित रहेका यी विशेष पहिचान भएका नागरिकहरू स्वतन्त्र रूपले बाँच्न नपाउने अवस्था रहे पनि उपन्यासकार एक कदम अगाडि बढेर फरक लैङ्गिक पहिचान भएका व्यक्तिको अधिकारका बारेमा वकालत गर्न तयार भएका छन्। यसैले त अन्तिममा रूपाले आफूसँग विवाह गर्नका लागि बलजफ्ती गर्ने रविलाई खुकुरी प्रहार गरेर आफ्नो निर्णय र अस्तित्वलाई सुरक्षित राख्ने काम गरेकी छन्। अन्तिममा समलिङ्गीको विजय देखाएर नैतिक समर्थन गर्ने उपन्यासकार

उपन्यासका माध्यमबाट सङ्घर्षै सङ्घर्षका माध्यमबाट निखारिँदै अन्ततः समलिङ्गी र तेस्रोलिङ्गीले अधिकार स्थापित गर्ने सन्देश प्रतिपादन गर्न सफल भएका छन् । समलिङ्गी जोडी ज्वाला र रूपाका केन्द्रीयतामा परम्परागत सोच र चिन्तनले ग्रस्त भएको समाज र सामाजिक संरचनाका विरुद्धमा शङ्खघोष गर्दै परिवर्तनका लागि दबाबपूर्ण वातावरणको सिर्जना गर्ने अवस्था सिर्जना गरेर उपन्यासको मूल वस्तुविधान भएको छ ।

उपन्यासकी प्रमुख पात्र रूपा आफू जन्मेहुर्केको सामाजिक परिवेशमा महिलाहरूमाथि गरिएका हिंसा र बर्बरताका कारण पुरुषप्रति नकारात्मक बनेकी छन् । शैशव कालमै निर्मित उनको अचेतन मनोदशा युवावस्थामा पनि पटक्कै परिवर्तन हुँदैन । अर्की पात्र ज्वाला आफ्नै बाबुबाट बेचिन थालेकी थिइन् । लामो समयपछि आफूलाई हुर्काउने संरक्षणगृहकी आमैबाट बाबुको कुकृत्यको जानकारी पाएपछि उनी समस्त पुरुषहरूप्रति विकर्षित र विद्रोही हुन थालेकी हुन् । समलिङ्गी विवाह गरेपछि समाजबाट आउन सक्ने अनेक किसिमका बाधा र प्रतिरोधका लागि मानसिक रूपमा तयार भएका यी पात्र आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्नुपर्ने कुरामा दृढ देखिन्छन् । रूपाले आफ्ना व्यवहारहरू समाजस्वीकृत हुनुपर्छ भन्ने अचेतन मनको अभिव्यक्तिलाई प्रस्तुत गर्दा ज्वालाले वर्तमान समाज र आगामी दिनमा गर्नुपर्ने सङ्घर्षलाई स्पष्ट रूपमा बताएकी छन् ।

> तिमीले भनेको समाज त्यही अनुदार र जड समाज होइन, जसले हाम्रो सम्बन्धलाई फुटेका आँखाले हेर्न रुचाउन्न । सुन हाम्रो सम्बन्ध मनको सम्बन्ध हो, चलनचल्तीको सामाजिक सम्बन्ध होइन । लेज्बी हाम्रो समाज भनेको तिमी हामी नै हौँ, शेष समाजमा ठाउँ बनाउन हामीले कडा टक्कर लिनुपर्छ । (पृ. ४७)

पुरुष र महिलाभन्दा भिन्न व्यक्तित्व हुने व्यक्तिलाई समाजमा खिसीट्याउरी र घोचपेच गर्ने गरेको पाइन्छ । शारीरिक संरचना र मानसिक चिन्तनमा वैषम्य देखिनासाथ यस्ता व्यक्तिहरू परम्परागत समाजमा समायोजन हुन सक्दैनन् । समाज र घरपरिवार त्यागेर अपरिचित ठाउँमा जान विवश हुन्छन् । उनीहरूले आफ्नो योग्यता र क्षमताले गर्ने काम, समाजमा प्राप्त गर्नुपर्ने इज्जत र प्रतिष्ठा नपाएकै कारण मानसिक रूपमा क्षति व्यहोरेका हुन्छन् भने आफ्नो वृत्तिविकासमा समेत बाधा अवरोधहरू झेलेका हुन्छन् । उपन्यासमा हिजडा अथवा तेस्रोलिङ्गीको पहिचान भएको डाइमन पढ्ने इच्छा हुँदाहुँदै पनि गाउँघर छोडेर काठमाडौँ आउन विवश भएको छ ।

> हाइहाइ, बल्लतल्ल आइए पास गरेँ नाइ । मेरो दाइ त बीए पनि पढाउँछु भन्थ्यो नाइ । आफ्नो पनि पढ्ने नै मन थियो, तर के भनौँ क्लासका केटाले भेटे केटाले र केटीले भेटे केटीले गिल्ला गरेर हैरान पार्ने हुँदा मैले क्याम्पस जानै छोडेँ र यहाँ आएर गाडी हाँक्न थालेँ नाइ । (पृ. ७६)

समलिङ्गी वा तेस्रोलिङ्गीमाथि पटक पटक अन्याय र अत्याचार भएको र आफूले सकेसम्म उद्धार गरेको बताउने डायमन्डको अभिव्यक्तिबाट समाज तेस्रोलिङ्गीप्रति निकै असहिष्णु भएको कुरा उपन्यासमा स्पष्ट रूपमा झल्किएको छ । चेतनाको अभावका कारणले हाम्रो समाजमा लैङ्गिक अल्पसङ्ख्यकहरूमाथि थिचोमिचो हुने गरेको छ । सभ्य समाजमा यस किसिमको अमानवीय

व्यवहारलाई क्षमा गरिँदैन भन्ने कुरा डाक्टर चकोरको अभिव्यक्तिमा पाइन्छ। विद्यालयमा भाषासाहित्य शिक्षिका रूपाको समलिङ्गी विवाह भएको कुरा सार्वजनिक नहोउन्जेल सबै कुरा राम्रो नै देखिन्छ तर जब उनले समलिङ्गी विवाह गरेको कुरा प्रकाशमा आउँछ तब उनीसँग विवाह गर्ने धोको राखेको रवि उनलाई हैरानी गरेर आजित पार्न भरमग्दुर प्रयास गर्दछ। यतिमात्र होइन, विद्यालयमा नैतिकताको कुरा उठाई रूपालाई नै जागिरबाट निष्कासन गर्नेसम्मको निर्णय गर्नु अल्पसङ्ख्यकमाथिको अत्याचारको पराकाष्ठा हो।

रूपालाई निष्काशन गर्ने निर्णय गर्नासाथ विद्यालयका प्राचार्यले विरोधस्वरूप राजिनामा दिनु लैङ्गिक अल्पसङ्ख्यकप्रति सहानुभूति हो भने प्राचार्य स्वयम् पनि पहिला त चेतनाको अभावले समलिङ्गी विवाह गरेकी आफ्नी छोरीलाई तिरस्कार गर्दथे। पश्चिमी विकसित र सभ्य समाजका बारेमा जानकारी पाएपछि उनमा विकास भएको चेतनाले नै उनी आफ्नी छोरीलाई माया गर्ने र समलिङ्गी विवाह गरेकी रूपाको जागिर संरक्षणका लागि पहल गर्ने कामका लागेका हुन्। उपन्यासमा समलिङ्गी वा तेस्रोलिङ्गी बन्नुको कारण कुनै अपराध वा पापकर्म होइन भन्ने कुरा बुझेकैले मात्र प्राचार्यमा यस किसिमको परिवर्तन आएको कुराको चित्रण हुनुको तात्पर्य अशिक्षित र असभ्यले मात्र चेतनाको अभावमा तेस्रोलिङ्गीप्रति दुर्व्यवहार गर्दछन् भन्ने कुरालाई स्थापित गराउनु हो। उपन्यासकारको मान्यतालाई चरितार्थ पार्न र नैतिक सन्तुष्टिका लागि उपर्युक्त दृष्टान्तले कृतिमा प्रविष्टि पाएको अनुभव हुन्छ। बैङ्कमा कार्यरत ज्वाला लुटेराहरूको अपहरणमा परी यौन दुर्व्यवहारको सिकार हुन पुग्दछिन्। उनीमाथि दुर्व्यवहार गर्नेमध्ये धेरैजसो उनलाई समलिङ्गी भनेर चिनेका र ज्वालाका कुनै न कुनै काममा संलग्नता जनाएकाहरू नै हुन्छन्। समाजका सात जना दुष्ट व्यक्तिबाट बलात्कृत भएकी उनी गर्भवती हुन्छिन्। गर्भपतन गराएर आफ्नो र रूपाको सम्बन्धलाई चिरस्थायी बनाउने सङ्कल्प गरेकी ज्वाला आफ्नो कार्यक्षेत्रमा बहादुरीपूर्वक काम गर्दागर्दै पनि समलिङ्गी सम्बन्धकै कारण अपमानित हुनुपर्ने तथा जागिर छोड्नुपर्ने बाध्यात्मक अवस्थामा पुग्छिन्। आफ्नै चेलीबेटी बलात्कारमा परेको अवस्थामा उनलाई नैतिक तथा कानुनी बल र सहयोग प्रदान गर्नुको सट्टा पीडितलाई नै तिरस्कार गर्ने परिपाटी नेपाली समाजमा विद्यमान छ, यो सामाजिक यथार्थ पनि हो।

> रूपाको आँखामा फुकोले भनेझैँ आफ्नो बाल्यकालको मिरर इमेज बारम्बार आउँछ, पुरुषजगत्प्रतिको घृणा उम्लेर आउँदा त्यसलाई केहीले छेक्न सक्दैन, ज्वालाका मनमा सधैं त्यही आउँछ। दुवैको बाल्यकालमा जुन घृणा र विद्वेषको बीजारोपण भयो, त्यो हुर्केर झ्याङ्गिँदै गयो, फल्दै गयो। समाज उही पितृप्रधानता, उही विकल्परहिततालाई निरन्तरता दिन चाहन्छ। यसरी मानिसलाई 'बायोलोजीलाई' समेत भत्काउने स्थितिमा पुऱ्याउने तत्त्व त्यही समाज हो। त्यसका विरुद्ध उठेको चुनौती हो यो उपन्यास। (भट्टराई : सलिजो, भूमिका २४)

उपन्यासकारले सामाजिक यथार्थलाई मात्र चित्रण गरेर आफ्नो जिम्मेवारी पूरा भएको ठान्दैनन्। यसैले त लैङ्गिक अल्पसङ्ख्यकप्रतिको उदारता पुष्टि गर्नका लागि ज्वालाले उच्चस्तरको राष्ट्रिय पत्रिका प्रकाशन गर्ने योजना बनाएको र त्यसैमा सहकर्मीका रूपमा रूपाको समेत योगदान

रहने गरी कार्यक्रम तय भएको कुरालाई प्रस्तुत गरेर उनीहरूको नैतिक जित देखाएका छन् । हरेक पुरुषमा महिलाको अंश र महिलामा पुरुष अंश रहन्छ, जुन तत्त्वको मात्रा बढी हुन्छ व्यक्तिले त्यस्तै प्रवृत्ति देखाउँछ भन्ने मनोवैज्ञानिक तथ्यलाई श्रीसखी सत्सङ्ग समाजका माध्यमबाट प्रस्तुत गरिएको छ । प्रोफेसर शर्मासमेत विपरीत लिङ्गी परिधानमा सत्सङ्गमा व्यस्त रहेका छन् । ज्वाला र रूपालाई मानसिक रूपमा बलियो हुनका लागि उत्प्रेरणा दिने प्रोफेसर शर्मा उपन्यासकारका मुख पात्रका रूपमा उपस्थित भएका छन् । उनका हरेक अभिव्यक्तिमा लैङ्गिक अल्पसङ्ख्यकप्रति समाजले गर्नुपर्ने आदर्श व्यवहार कस्तो हुनुपर्दछ भन्ने कुरा झल्किन्छ ।

> नानी हो, म आफू के मान्छु भने समलिङ्गी सम्बन्ध जैविक आवश्यकताबाट प्रेरित नभई भावनात्मक आवश्यकताबाट प्रेरित आत्मिक प्रेमका रूपमा हुन्छ । उदाहरणका लागि भनौँ तिमीहरूले जैविक आवश्यकताको पूर्ति मात्र गर्न खोजेको भए कुनै केटालाई साथी बनाउने थियौ । त्यसो नभई तिमीहरूको सम्बन्ध एक-अर्काको मन मिलेर भएको हो । यति कुरालाई बुझ्न नचाहेर समाजले समलिङ्गी सम्बन्धलाई औंलो ठड्याउँछ र घृणाका दृष्टिले हेर्छ । (पृ. १६९)

उनी पितृसत्तात्मक समाजले प्रश्रय पाउनुको कारण महिलाहरूमा रहेको आर्थिक, सामाजिक र अन्य लोभलालच हो भन्ने कुरामा दृढ छन् ।

महिलाले आफूलाई झुकाएर पुरुषसामु समर्पण गरेकै कारण उनीहरू दिनानुदिन पीडित बन्दै गएको दृष्टिकोण शर्माले राखेका छन् । सामाजिक र आर्थिक बाध्यता हुँदैनथ्यो भने नारी समलिङ्गी जोडीको सङ्ख्या निकै हुन्थ्यो भन्ने उनको दृष्टिकोण सबैतिर महिला शारीरिक र मानसिक रूपले ताडित रहेका दृष्टान्तले निर्माण गरेको हो । यद्यपि समलिङ्गी विवाहका लागि महिलाहिंसा मात्र कारक होइन, ती व्यक्तिको मनोसामाजिक रचना र हर्मोनहरूको फरक किसिमको वितरणले पनि त्यसो भएको हुन सक्दछ भन्ने वैज्ञानिक कारणतिर लेखकको ध्यान पुगेको देखिन्न । यस अर्थमा लेखक क्विरभन्दा लेस्बियन टेक्टको रचनामा अग्रसर भएको महसुस हुन्छ तथापि उपन्यासभर मूल पात्रका अतिरिक्त अनेकौं समलिङ्गी, तेस्रोलिङ्गी र पारालिङ्गीको उपस्थिति गराएर समग्र उपन्यासलाई क्विर वा संशय सिद्धान्तको समीप पुऱ्याएका छन् । समलिङ्गीका तुलनामा क्विरको विश्लेषणमा कम चासो देखिनुको कारण लेखक पुरुषले गर्ने हिंसालाई प्रमुख कारकका रूपमा उधिन्ने ध्येयले प्रेरित भएकाले हो भन्ने अनुमान गर्न सकिन्छ । यही आग्रहका कारण उनी घुमीघुमी पुरुषले गरेका र गर्न सक्ने नारीहिंसाका प्रसङ्ग जोडिहाल्दछन् ।

> बिहेपछि पुरुषले आफ्ना घरमा लगेर स्त्रीको शरीर कब्जा गर्छ, बङ्ग्याउँछ, मर्क्याउँछ र झन्नै बलात्कारको शैलीमा सन्तानोत्पतिको बर्बर खेल खेल्छ । यस षड्यन्त्रपूर्वक खेलमा पुरुषको एकोहोरो ध्याउन्न पुत्र पैदा गर्नेतर्फ मात्र हुन्छ । बुझ्यौ नानी हो, यो खेल समाजको झन्नैझन्नै सबै घरपरिवारमा हुन्छ । (पृ. १७२)

संशय वा क्विरको वकालत गर्नैका लागि उपन्यास लेख्न उत्प्रेरित उपन्यासकारमा पितृबिम्बप्रतिको पूर्वाग्रह नहुँदो हो त उपन्यास नारी समलिङ्गी साँघुरो दायराबाट क्विर

मनोविज्ञानको उद्‌घाटनमा अझ प्रभावकारी बन्ने थियो । संशय सिद्धान्तलाई झल्काउने क्रममै पनि आख्यानकारलाई नारीवाद र लेस्बियन टेक्टले आवश्यकताभन्दा बढी प्रभाव पारेको प्रतीत हुन्छ ।

रूपाको रूपमा लठ्ठिएको रवि रूपाका बाआमालाई आर्थिक लालच र परिबन्दमा पारेर उनीसँग वैवाहिक सम्बन्ध कायम गर्न तत्पर हुन्छ । ज्वालासँग वैवाहिक सम्बन्धमा रहिसकेकी रूपालाई आफ्नी बनाउन निरन्तर पछि लागिरहन्छ । अन्तिम समय आमाबुबाको चिठीसमेत लिएर रूपासामु पुगेको रविले बलपूर्वक रूपालाई लैजान खोज्दा कोठामा भएको हतियार प्रहार गरी समलिङ्गी सम्बन्धलाई बलियो बनाउन रूपा सफल हुन्छिन् । उपन्यासकारले अनेक किसिमका सामाजिक बन्धन र समस्याहरूलाई झेल्दै समलिङ्गी जोडीलाई समस्यैसमस्याका बिचबाट उज्यालो भविष्यको आलोक देखाएर समापन गरेबाट सीमान्तीकृत लैङ्गिक अल्पसङ्ख्यकहरूप्रति सकारात्मक दृष्टिकोण र सहानुभूति भाव व्यक्त भएको अनुभव गर्न सकिन्छ । जतिसुकै जटिल अवस्थामा पनि लैङ्गिक अल्पसङ्ख्यकहरू आफ्ना काममा अग्रसर भएको प्रसङ्गबाट उपन्यासको अन्त्य गरिनुले प्रस्तुत उपन्यास क्विर वा संशय सिद्धान्तका आधारमा उत्कृष्ट ठहर्दछ । समाजमा लैङ्गिक अल्पसङ्ख्यकले गर्ने व्यवहार र उनीहरूप्रति समाजले गर्ने व्यवहारको विश्लेषण मात्र होइन, लैङ्गिक अल्पसङ्ख्यकहरूलाई केन्द्रमा राखेर उनीहरूको विजय देखाउनु उपन्यासकारको संशय सिद्धान्तप्रतिको आशक्ति हो ।

> ...महत्त्वपूर्ण कुरो सङ्घर्षका लागि तत्परता र कटिबद्धता हो, त्यसका दाँजामा परिणाम कम महत्त्वपूर्ण हुन्छ । ..., मानिसले जीवन र समाजमा हरेक अन्याय र थिचोमिचो सङ्घर्षका लागि कटिबद्धता र तत्परता नभएर खप्नुपरेको छ । ...सङ्घर्ष सफल भएमा इच्छित परिणाम मिल्छ तर सफल नभएमा फेरि अर्को सङ्घर्ष आवश्यक भइरहने हुँदा र हरेक सङ्घर्षका लागि कटिबद्धता र तत्परता झन् आवश्यक भइरहने" (शर्मा, सलिजो भूमिका : ३९)

लेखकको विचार सङ्घर्ष नै जीवन भन्ने रहेको हुँदा उपन्यासले आफ्नो गर्भमा जताततै सङ्घर्षलाई नै स्थान दिएको छ भने समापन पनि सङ्घर्षकै सिलसिलामा हुन पुगेको छ । समलिङ्गी जोडीको सङ्क्षिप्त रूप सलिजो शब्दलाई उपन्यासको शीर्षक चयन गर्नु तथा उपन्यासभर उपन्यासकार स्वयम् प्रोफेसर शर्माका रूपमा उपस्थित भई समलिङ्गी र यौनिक अल्पसङ्ख्यकलाई सहयोग पुऱ्याउनु तथा समाजका प्रबुद्ध वर्गका रूपमा विद्यालयका प्राचार्य डाक्टर चकोरलाई उभ्याउनुले समाज लैङ्गिक अल्पसङ्ख्यकप्रति सहिष्णु बन्दै उनीहरूका आधारभूत अधिकारको संरक्षणमा संवेदनशील बन्नुपर्दछ भन्ने सन्देशसमेत प्रतिपादन भएको छ । लैङ्गिक अल्पसङ्ख्यकमाथि समाजमा थिचोमिचो र अन्याय हुन्छ, धेरै सीमान्तीकृतहरू हार मानेर आफ्नो वास्तविक पहिचान लुकाउन विवश भएका छन् । समाजमा चेतनाको विकास भएसँगै उनीहरूले आफ्ना अधिकार प्रयोग गर्न पाउने छन् भन्ने सन्देश दिन उपन्यास सफल भएको छ । यस अर्थमा सीमान्तीकृतका भावना, चाहना, आकाङ्क्षा र अधिकारको वकालत गर्ने सन्दर्भमा उपन्यास अत्यन्त सफल र उत्कृष्ट रहेको छ ।

## निष्कर्ष

नेपाली उपन्यास परम्परामा भिन्न विषयवस्तुको उठानसहित उद्‌भासित 'सलिजो' उपन्यास सीमान्तीय भूमिकामा रहेका लैङ्गिक अल्पसङ्ख्यक नागरिकका नैसर्गिक अधिकारहरूलाई स्थापना गर्ने दिशामा एक खुड्किलो बनेको छ। पुरुष र स्त्रीको लैङ्गिक द्विचरसंरचनाभन्दा बाहिर समलिङ्गी, उभयलिङ्गी पारालिङ्गीलगायत भिन्न यौनिक विशेषता भएका मानिसहरू रहन्छन् र उनीहरूलाई समष्टिमा संशय वा क्विरभित्र समावेश गर्न सकिन्छ। यी व्यक्तिहरूले देखाउने भिन्न किसिमको व्यवहार, आचरण र यौनिक क्रियाकलापलाई परम्परागत समाजले अशिष्ट, असभ्य र आपराधिकसमेत मान्दै आएको छ। यसैले एकातिर उनीहरूका बारेमा खुलेर बोल्ने मानिसको खाँचो देखिन्छ भने अर्कातिर आफ्नै अधिकारका लागि उनीहरू पूर्ण सङ्गठित रूपमा आउन पनि सकेका छैनन्। केन्द्रको भञ्जनसँगै उत्तरआधुनिक समाजमा सीमान्तीय पात्रहरूले महत्त्व पाउनुपर्ने मान्यताले स्थान लिँदै गएको छ तर परम्परागत मूल्य र मान्यता रातारात फेरिने कुरा होइनन्। नीति, मूल्य र मान्यताका नाममा हुर्कँदै आएका सामाजिक स्टिग्माले गर्दा सामाजिक रूपान्तरणभन्दा सभ्य भनिएका समाजमा पनि लैङ्गिक अल्पसङ्ख्यकमाथि प्रत्यक्ष र परोक्ष रूपमा अन्याय, अत्याचार, शोषण र विभेदकारी कार्यहरू भइरहेका छन्। नेपालका सन्दर्भमा फरक लैङ्गिक विशेषता भएका व्यक्तिलाई असामान्य र बिग्रेको मानिस मान्ने धारणा अद्यापि व्याप्त छ। यसैले उनीहरूले सामाजिक सम्बन्धन प्राप्त गर्न सकेका छैनन् र त आफ्नो वास्तविक पहिचानलाई लुकाएर वा समाजबाटै पलायन भएर पीडादायी जीवन व्यतीत गर्न विवश छन्। समाजले उनीहरूको अस्तित्वलाई स्विकार्न नसकेका कारण आफ्ना इच्छा, चाहना, र आकाङ्क्षाहरूलाई अन्तर्मनमा कुन्ठ्याएर अरूका लागि हाँस्दै र हँसिमजाकको पात्र बन्दै बस्नुपर्ने स्थितिमा छन्। उनीहरूको संवेदना, आधारभूत मानव अधिकार तथा पहिचानलाई महत्त्व नदिँदा समाजभित्र उनीहरू एकलकाटे बन्दै गएका छन्। उनीहरूमाथि भएका अन्याय र अत्याचारको उचित सम्बोधन हुन सकेको छैन। राज्यले आफ्ना नागरिकलाई दिने सुविधासमेत उनीहरूले प्राप्त गर्न सकेका छैनन्। यस विषम परिस्थितिमा सामाजिक चेतनाको विकासका माध्यमबाट र विशेष लैङ्गिक पहिचान भएका व्यक्तिहरूले निरन्तर गर्ने सङ्घर्षबाट समाजलाई रूपान्तरण गर्न सकिन्छ। जैविक वा सामाजिक लिङ्ग निश्चित हुँदैन भन्ने मनोवैज्ञानिक तथ्यका जगमा उभिएर पुरुष र महिलाभन्दा भिन्न पात्रका क्रियाकलापको चित्रणमा केन्द्रित यस उपन्यासमा सघन रूपमा स्त्रीसमलिङ्गी लेस्बियन सम्बन्धको बहस भए पनि सहायक पात्रहरूको संयोजन र अभिव्यक्तिद्वारा क्विर/संशय मनोविज्ञानको ढोका खोल्ने काम पनि भएको छ।

क्विर हुनु अपराध होइन भन्ने कुरालाई स्थापित गर्न सकिन्छ भन्ने दृढ इच्छाशक्तिका कारण प्रस्तुत उपन्यासले जन्म लिएको हो। समाजका विविध पक्षबाट अनेक किसिमका यातनाहरू खप्नु परे पनि समलिङ्गी जोडी अन्ततः आफ्नो सम्बन्धको बन्धनलाई झनै कसिलो बनाउँदै विकृतिविरुद्ध सङ्घर्ष गर्न जुटेबाट विशेष लैङ्गिक भूमिका भएका पात्रको चित्रण मात्र नभई, उनीहरूको केन्द्रीयतामा कृति उभिएको छ। उनीहरूमाथि दमन, अन्याय र अत्याचार गर्नेहरूप्रति खबरदारी गर्ने तथा पीडितप्रति सहानुभूति र संवेदना प्रदर्शन गर्ने कार्यले प्रस्तुत उपन्यास नेपाली साहित्यमा संशय

सिद्धान्तको नमुना प्रयोगका रूपमा रहन पुगेको छ। समाजले कत्ति पनि मूल्य नदिएका तर घरपरिवार, समाज, टोल, छरछिमेक जता-ततै अस्तित्वमा रहेका सीमान्तीकृत लैङ्गिक अल्पसङ्ख्यकलाई मूल पात्र बनाई उनीहरूका भावना र क्रियाकलापलाई चित्रण गर्ने दृष्टिले प्रस्तुत उपन्यास इतिहासभिन्न मात्र होइन, नेपाली साहित्यका क्षेत्रमा नयाँ आकाशको उद्घाटकसमेत बनेको छ। नेपाली साहित्यमा दीर्घ साधना गरेका बहुमुखी प्रतिभाका धनी मोहनराज शर्माको प्रस्तुत उपन्यास विषयवस्तुगत नवीन प्रयोग, प्रयोगपरक शैली र समाज रूपान्तरणको महत्त्वाकाङ्क्षी दृष्टिकोणका कारण परम्पराभिन्न नित्य नवीन र तिखर बान्कीका साथ जगमगाएको छ।

**सन्दर्भ सामग्रीसूची**


भट्टराई, गोविन्दराज (२०६६).सलिजोको प्रवेशद्वार, *सलिजो* भूमिका. सीमान्त प्रकाशन।

भुसाल, प्रेमनारायण (२०७६). साहित्य समालोचनाको नयाँ सिद्धान्त : संशय/क्विर सिद्धान्त. *समकालीन साहित्य,* पूर्णाङ्क ९१, २०७६ माघ-चैत्र, पृ. १०५-१११।

भुसाल, प्रेमनारायण (२०७९). *समकालीन नेपाली कथामा मनोविज्ञान.* नेपाल प्रज्ञा-प्रतिष्ठान।

शर्मा, मोहनराज (२०६६). *सलिजो.* सीमान्त प्रकाशन।

शर्मा, सुकुम.(२०६७). साहित्यकार मोहनराज शर्मा. *समकालीन साहित्य,* https://www.samakalinsahitya.com/sahitya/details/2895